राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ८ अंक ०९ २०८३ साउन १२ गते मंगलवार (28 July 2026) पृष्ठ ४ मूल्य रु.

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## गोलीकाण्डपछि सुनसरी अशान्त, सेना परिचालन



दैनिक समाचारदाता
विराटनगर, ११ साउन । सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा आइतबार प्रहरीको गोली लागेर एक युवाको मृत्यु भएपछि सुरु भएको विरोध प्रदर्शन सोमबार हिंसात्मक बन्दै गएको छ। प्रदर्शनका क्रममा आगजनी, तोडफोड तथा आक्रमणका घटना भएपछि प्रशासनले सुरक्षा व्यवस्था कडा पार्दै संवेदनशील क्षेत्रमा नेपाली सेनासमेत परिचालन गरेको छ।

आइतबार दुई समूहबीचको विवाद नियन्त्रणमा लिन प्रहरीले चलाएको गोली लागेर देवानगञ्ज-४ का २५ वर्षीय ओमप्रकाश मेहताको मृत्यु भएको थियो। उक्त घटनामा गोली लागेर सर्वसाधारण र सुरक्षाकर्मीसहित कम्तीमा २२ जना घाइते भएका छन्। घाइतेमध्ये नौ जनालाई गोली लागेको बताइएको छ। उनीहरूको विराटनगरका विभिन्न अस्पतालमा उपचार भइरहेको छ।

घटनाको विरोधमा सोमबार बिहानैदेखि प्रदर्शनमा उत्रिएका आक्रोशित समूहले देवानगञ्जका विभिन्न स्थानमा घर, पसल तथा सवारीसाधनमा आगजनी गरेका छन्। प्रहरीका अनुसार केही पसलबाट सामान बाहिर निकालेर आगो लगाइएको छ भने बजार क्षेत्रमा पार्किङ गरिएका सवारीसाधनसमेत जलाइएको छ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार देवानगञ्ज-२ स्थित गाउँपालिका कार्यालय नजिक करिब १५० जनाको समूहले स्थानीय अनबर अन्सारीको घर, हार्डवेयर पसल तथा घरअगाडि पार्किङ गरिएको को२त ५८५२ नम्बरको ट्र्याक्टरमा आगजनी गरेको थियो। यस्तै अबाफ अन्सारीको टिनले छाएको कच्ची घर, दुई वटा मोटरसाइकल तथा देवानगञ्ज-३ कप्तानगञ्जस्थित परालका दुई टालीमा पनि आगजनी गरिएको प्रहरीले जनाएको छ।

प्रदर्शनका क्रममा देवानगञ्ज-४ का २० वर्षीय मोहन मेहतामाथि धारिलो हतियार प्रहार भएको छ। बजारबाट घर फर्कने क्रममा एक समूहले उनलाई नियन्त्रणमा लिएर टाउकोमा आक्रमण गरेको प्रहरीले जनाएको छ। गम्भीर घाइते मेहताको विराटनगरस्थित न्युरो अस्पतालमा उपचार भइरहेको छ।

अवस्था नियन्त्रणबाहिर जान थालेपछि प्रशासनले कप्तानगञ्ज क्षेत्रमा नेपाली सेनाको टोली परिचालन गरेको छ। सेनाको उपस्थितिपछि केही समय प्रदर्शनकारी तितरबितर भए पनि क्षेत्रमा अझै त्रासको वातावरण कायम रहेको छ।

यसैबीच, सोमबार दिउँसो जिल्ला सदरमुकाम इनरुवामा पनि प्रदर्शन चर्किएको छ। करिब १५० जनाको समूहले बजार परिक्रमा गर्दै एक सर्वसाधारणमाथि कुटपिट गरेको छ। डीजे बजाउँदै नाराबाजीसहित प्रदर्शन भएपछि व्यापारी र स्थानीयवासी त्रसित बनेका छन्।

इनरुवा नगरपालिका-४ मा बजार बन्द गराउँदै हिंडेको समूहले बजाज शोरुमका चार वटा झ्यालका सिसा र होर्डिङ बोर्ड फुटाएको छ। इनरुवा-३ अदालत रोडमा एउटा म्याजिक गाडी तथा प्रहरी बिटमा समेत तोडफोड गरिएको छ। प्रदर्शनकारीले पूर्व-

बाँकी पृष्ठ ३मा

# लोकतन्त्रमा सबैको आवाज सुनिनुपर्छ : प्रदेश प्रमुख कर्ण




दैनिक समाचारदाता
जनकपुरधाम, ११ साउन । मधेश प्रदेशका प्रदेश प्रमुख सुरेन्द्रलाल कर्णले महिला, दलित तथा विभेदमा परेका जातजाति र समुदायको आवाज बन्ने तथा उनीहरूलाई न्यायको पहुँचसम्म पुऱ्याउने दायित्व राज्यका सबै निकाय र सरोकारवालाले साझा रूपमा वहन गर्नुपर्ने बताएका छन् ।

सोमबार जनकपुरधाममा आयोजित 'मधेश प्रदेश मानव अधिकार सम्मेलन' लाई सम्बोधन गर्दै उनले लोकतान्त्रिक शासन व्यवस्थामा आम नागरिकको आवाज समान रूपमा सुनिनुपर्नेमा जोड दिएका छन । उनले राज्यका सुरक्षा तथा अन्य निकायहरूले राजनीतिक नेतृत्वको कुरा प्राथमिकताका साथ सुन्ने तर निमुखा र विपन्न नागरिकका गुनासा बेवास्ता हुने गरेको भन्दै त्यसप्रति असन्तुष्टि व्यक्त गरे । उनले भने, "आम नागरिकका धेरै गुनासा छन् । राज्यका सुरक्षा लगायतका निकायहरूले दलका नेताहरूको कुरा सुन्छन्, तर निमुखा नागरिकको आवाज सुन्दैनन् । यस्तो अवस्था लोकतन्त्रको मर्मअनुकूल होइन । लोकतन्त्रमा सबै नागरिकको अधिकार समान हुनुपर्छ, न्यायमा सबैको पहुँच सुनिश्चित हुनुपर्छ र प्रत्येक नागरिकले सम्मानपूर्वक जीवन बाँच्न पाउनुपर्छ । त्यसैलाई मानव अधिकारको वास्तविक सम्मान मान्न सकिन्छ ।"

प्रदेश प्रमुख कर्णले अब नयाँ सोच र सकारात्मक परिवर्तनको नेतृत्व युवापुस्ताबाट सुरु हुनुपर्ने उल्लेख गर्दै मानव अधिकारसम्बन्धी जनचेतना युवा, महिला, दलित तथा राज्यका सेवाबाट टाढा रहेका समुदायसम्म प्रभावकारी रूपमा पुऱ्याउन आवश्यक रहेको बताए । उनले मधेश प्रदेश सरकारलाई मानव अधिकार संरक्षण र प्रवर्द्धनलाई केन्द्रमा राखेर आवश्यक कानुन निर्माण गर्न आग्रहसमेत गरे ।

प्रदेश प्रमुख कर्णले मधेशका ग्रामीण क्षेत्रमा मानव अधिकार उल्लङ्घनका घटना अझ बढी देखिने गरेको उल्लेख गर्दै जातीय विभेद, छुवाछुत, शोषण, दमन तथा अन्य सामाजिक विकृतिहरू न्यूनीकरणका लागि मानव अधिकारकर्मी, नागरिक समाज र राज्यका निकायहरूले समन्वित रूपमा काम गर्नुपर्नेमा जोड दिए ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष विजय गौतमको अध्यक्षतामा सम्पन्न सम्मेलनमा श्रम तथा यातायातमन्त्री शारदा देवी थापा, प्रतिनिधिसभा सदस्य गणेश विक, राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश प्रमुख बुद्धनारायण सहनी, मधेश प्रदेश प्रहरी कार्यालयका डीआईजी ओमप्रकाश अधिकारीलगायतले मधेश प्रदेशमा मानव अधिकारको वर्तमान अवस्था, चुनौती र सुधारका उपायबारे धारणा व्यक्त गरेका थिए।

## मिटरब्याज पीडितको अदालतअघि प्रदर्शन

दैनिक समाचारदाता
जनकपुरधाम, ११ साउन । मिटरब्याजबाट पीडित बनेका सर्वसाधारणले दोषीमाथि कडा कानुनी कारबाहीको माग गर्दै सोमबार उच्च अदालत जनकपुरधामको मुख्य प्रवेशद्वार अगाडि प्रदर्शन गरेका छन्।




विभिन्न माग लेखिएका प्लेकार्ड बोकेर प्रदर्शनमा उत्रिएका पीडितहरूले वर्षौंदेखि न्यायको खोजीमा भौतारिनुपरेको गुनासो गरे। उनीहरूले राजनीतिक तथा प्रशासनिक संरक्षणका कारण मिटरब्याजमा संलग्न व्यक्तिहरू कानुनी कारबाहीबाट जोगिँदै आएको आरोपसमेत लगाए। प्रदर्शनकारीहरूले मिटरब्याज पीडितलाई शीघ्र न्याय दिलाउन, दोषीलाई तत्काल कानुनी दायरामा ल्याउन तथा मिटरब्याजसम्बन्धी मुद्दाको छिटो सुनुवाइ गर्न सरकार र न्यायालयसँग माग गरेका छन्। उनीहरूले मिटरब्याजका कारण धेरै परिवारले घरजग्गा गुमाएको, आर्थिक रूपमा तहसनहस भएको तथा कतिपय पीडित आत्महत्यासम्म गर्न बाध्य भएको दाबी गर्दै यस्ता अपराधमा संलग्नलाई कुनै पनि हालतमा उन्मुक्ति दिन नहुने बताएका छन्।


पीडितहरूले मिटरब्याजका कारण गुमेको सम्पत्ति फिर्ता गराउने व्यवस्था गर्न र दोषीलाई कडा सजाय सुनिश्चित गर्न सम्बन्धित निकायको ध्यानाकर्षणसमेत गराएका छन्।

प्रदर्शनका क्रममा केही समय अदालत परिसरबाहिर नाराबाजी गरिएको थियो। कार्यक्रम शान्तिपूर्ण रूपमा सम्पन्न भए पनि सम्भावित अप्रिय घटना हुन नदिन अदालत परिसरमा सुरक्षा व्यवस्था कडा पारिएको थियो। प्रदर्शनमा सहभागी पीडितहरूले आफ्ना माग सम्बोधन नभएसम्म आन्दोलनलाई अझ सशक्त बनाउँदै लैजाने चेतावनी दिएका छन्।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# धानमा आत्मनिर्भरता कहिले?

नेपाललाई कृषिप्रधान देश भनिन्छ। तर वास्तविकता भने यसको ठीक उल्टो देखिन्छ। देशको मुख्य खाद्यान्न धान र चामलमा हरेक वर्ष अर्बौं रुपैयाँ विदेशिने क्रम रोकिएको छैन। आर्थिक वर्ष २०८२/८३ मा मात्रै झन्डै ४० अर्ब रुपैयाँ बराबरको धान तथा चामल आयात भएको तथ्यांकले नेपालको कृषि प्रणाली, खाद्य सुरक्षा र सरकारी नीतिमाथि गम्भीर प्रश्न उठाएको छ।

यद्यपि अघिल्लो वर्षको तुलनामा आयात परिमाण र खर्चमा सामान्य कमी आएको छ, यसलाई उपलब्धि मान्न सकिने अवस्था छैन। अझ चिन्ताजनक पक्ष के हो भने कच्चा धानको आयात घट्दा तयारी चामलको आयात बढेको छ। यसको अर्थ नेपालले आफ्नै धान उत्पादन र प्रशोधन उद्योगलाई बलियो बनाउन नसकेर प्रत्यक्ष रूपमा विदेशी तयारी खाद्यान्नमा निर्भरता बढाइरहेको छ। यसले कृषि उत्पादनसँगै स्वदेशी चामल उद्योगको प्रतिस्पर्धात्मक क्षमतामा पनि नकारात्मक असर पारिरहेको छ।

नेपालमा उब्जाउ जमिन प्रशस्त छन्, कृषिमा ठूलो जनशक्ति संलग्न छ र धान उत्पादनका लागि अनुकूल मौसम तथा भौगोलिक विविधता पनि उपलब्ध छ। तर किसानले समयमै मल, गुणस्तरीय बीउ, सिँचाइ, कृषि ऋण र बजारको सुनिश्चितता पाउन सकेका छैनन्। उत्पादन लागत बढ्दै गएको छ भने कृषिबाट हुने आम्दानी घट्दो छ। परिणामस्वरूप खेतीयोग्य जमिन बाँझिने, किसान कृषि छोड्ने र आयातमा निर्भरता बढ्ने दुष्चक्र चलिरहेको छ।

अर्को गम्भीर पक्ष भनेको नेपालको धान तथा चामल आयातमा भारतको लगभग एकाधिकार हो। कुल आयातको ९९ प्रतिशतभन्दा बढी भारतबाट आउनु केवल व्यापारिक निर्भरता मात्र होइन, खाद्य सुरक्षाको दृष्टिले पनि जोखिमपूर्ण अवस्था हो। कुनै कारणले सीमापार आपूर्ति प्रभावित भए नेपालमा खाद्यान्न संकट सिर्जना हुन सक्ने सम्भावनालाई नजरअन्दाज गर्न मिल्दैन।

सरकारले प्रत्येक वर्ष कृषि आधुनिकीकरण, उत्पादन वृद्धि र आत्मनिर्भरता सम्बन्धी आकर्षक घोषणा गर्छ। तर ती नीति व्यवहारमा प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा परिणाम उल्टै आयात वृद्धिका रूपमा देखिएको छ। उत्पादन बढाउनेभन्दा पनि आयात व्यवस्थापनमा केन्द्रित सोचले दीर्घकालीन समाधान दिन सक्दैन। अब कृषि क्षेत्रमा केवल अनुदान वितरण वा नारामा सीमित नीति पर्याप्त हुँदैन। उत्पादनमुखी कार्यक्रम, आधुनिक प्रविधिको विस्तार, सिँचाइ पूर्वाधार, कृषि यान्त्रीकरण, धान प्रशोधन उद्योगको प्रवर्द्धन र किसानलाई उचित मूल्य सुनिश्चित गर्ने व्यवस्था एकसाथ अघि बढाउनुपर्छ। स्थानीय उत्पादनलाई प्राथमिकता दिने सार्वजनिक खरिद नीति र आयात प्रतिस्थापनका स्पष्ट रणनीति पनि आवश्यक छन्।

नेपालले आफ्नै खेतमा उत्पादन गर्न सक्ने खाद्यान्नका लागि हरेक वर्ष अर्बौं रुपैयाँ विदेश पठाइरहनु आर्थिक कमजोरी मात्र होइन, नीतिगत असफलताको संकेत पनि हो। कृषिप्रधान देशको परिचयलाई व्यवहारमा प्रमाणित गर्ने हो भने धान र चामलमा आत्मनिर्भरता राष्ट्रिय प्राथमिकताको विषय बन्नुपर्छ। अन्यथा कृषिको सम्भावना हुँदाहुँदै पनि नेपाल विदेशी खाद्यान्नको भरमा चल्ने विडम्बनाबाट मुक्त हुन सक्नेछैन।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# फैसला संख्याको चेपुवामा न्याय

*मनोज घर्ती मगर*

नेपालको न्यायपालिकाभित्र निकै पुरानो र अचम्मको 'ओपन सेक्रेट' (खुला रहस्य) छ- न्यायाधीशको क्षमता उसको फैसलाको वजनले होइन, फैसलाको 'संख्या' ले मापिन्छ। कति गम्भीरतापूर्वक प्रमाण केलाइयो ? कति न्यायसंगत र नवीनतम व्याख्या गरियो ? कति न्याय पारियो ? कति नजिरको अनुसरण गरियो भन्ने गौण बनिदिन्छ जब न्यायपरिषद् र सर्वोच्च अदालतले वर्षको अन्त्यमा कति वटा मुद्दा छिनियो भन्दै 'फर्स्योट ग्राफ' को डिजिटल बोर्ड अगाडि सार्छन्। तब यही संख्यात्मक दबाब र मुद्दा बाँकी रहने ('पेन्डिङ') त्रासको सबैभन्दा ठूलो सिकार उच्च अदालत र यहाँ कार्यरत न्यायाधीशहरू भइरहेका छन्। त्यसैले होला केही सातादेखि जिल्ला र उच्च अदालतहरूले आर्थिक वर्ष २०८२/८३ मा कति प्रतिशत मुद्दा फर्स्योट गरियो भनेर तथ्याङ्क सार्वजनिक गरिरहेका छन्। यसबारे अखबार अनलाइनहरूमा समाचार आइरहेका छन्। साँच्चिकै न्याय दिलाउन र फैसलाको यो संख्यात्मक चक्रव्यूहबाट उम्किन न्यायाधीशहरूले के गर्नुपर्छ ?

### मुद्दा फर्स्योटको बढ्दो दर

पछिल्लो समय अदालतहरूमा मुद्दा फर्स्योटको दर बढ्दो छ। यसलाई सुखद नै मान्नुपर्छ। छिटो न्याय पाउने पक्षको हकलाई यसले सुरक्षित गरेको छ। तर मुद्दा फर्स्योट बढी भएको आधारलाई मात्र यान्त्रिक रूपमा व्याख्या गरेर पूरै न्याय परेको छ भन्न सकिंदैन। कहिलेकाहीं हतारको काम लतार भने जस्तै पक्षले न्याय नपाउने अवस्था पनि रहन्छ भन्ने पाटोलाई विवेचना गर्न जरूरी छ।

उच्च अदालत पोखराले पनि गत असार ३ गते पत्रकार सम्मेलन गरी आर्थिक वर्ष २०८२/८३ मा ७५.८८ प्रतिशत मुद्दा फर्स्योट गरिएको सार्वजनिक गऱ्यो। कानून व्यवसायीसँगै पत्रकार भएकोले मलाई यसबारे चासो हुने नै भयो। अदालतले कुल २ हजार ६९ मुद्दामध्ये १ हजार ५७० मुद्दा फर्स्योट गरेको विवरण सुनायो। बाँकी ४९९ मुद्दा चालु आर्थिक वर्षका लागि सरे।

उच्च अदालत पोखराका मुख्य न्यायाधीश डा. रत्नबहादुर बागचन्दले अघिल्लो आर्थिक वर्ष २०८१/८२ बाट ७५० मुद्दा जिम्मेवारी सरे पनि यस पटक त्यो संख्या घटाएर मुद्दा फर्स्योट गरिएको सुनाउनुभयो। उच्च अदालत पोखराले दिएको न्याय देशभरमा सर्वोत्कृष्ट रहेको दाबी श्रीमान्‌को थियो। फैसला गर्ने दर बढ्नु पक्कै पनि सुखद खबर हो। यसरी समयमै फैसला हुँदा पक्षले छिटो न्याय पाउँछन्। मुद्दामा अल्झिरहनुपर्दैन।

अघिल्ला वर्षमा भएका मुद्दा फैसलाको संख्यालाई मात्रै हेर्ने हो भने मुख्य श्रीमान्‌को दाबी ठिकै होला। तर फैसला गरिएका मुद्दाको संख्यालाई मात्रै गनेर उत्कृष्ट न्याय दिइएको भन्नु त्यति न्यायसंगत र तर्कपूर्ण लाग्दैन।

कास्की जिल्ला अदालत र उच्च अदालत पोखरामा दैनन्दिन अदालती अभ्यासमा रहेको मलाई उच्च अदालत पोखराले सार्वजनिक गरेको मुद्दा फर्स्योटको विवरणले मात्रै सर्वोत्कृष्ट न्याय परेको भन्नेमा सन्तुष्ट बनाउन सकेन। जिल्ला अदालतहरूमा नजिर सिद्धान्तको पालना र प्रयोग गर्ने चलन निकै कम छ। कुनै पनि मुद्दामा बहस गर्दा नजिर सिद्धान्तको प्रसंग आउने बित्तिकै सुन्नै झर्को मान्ने श्रीमान्‌हरूको संख्या जिल्ला अदालतमा बढी नै छ। उच्च अदालतहरूमा धेरथोर नजिरका प्रसंग समेटेर फैसला गरिएको पाइन्छ। उच्च अदालत पोखराबाट भएका फैसलाहरूमा पनि नगन्य मात्रामा मात्रै नजिर पालना गरिएको पाइन्छ। त्यसैले फैसलाको दर बढेर मात्रै पुग्दैन। कति न्याय पार्न सकियो भन्ने विषय महत्वपूर्ण र विवेचना गर्नुपर्ने देखिन्छ।

### 'शुरु सदर' प्रवृत्ति

तुलनात्मक दृष्टिले हेर्ने हो भने उच्च अदालतहरूले धेरैजसो जिल्ला अदालतले गरेको फैसला नै सदर गर्ने गरेको पाइन्छ। यो स्वाभाविक पनि हो। किनभने उच्च अदालतले सकभर प्रमाण परीक्षण गर्दैनन्। प्रमाण परीक्षण गर्ने काम शुरु जिल्ला अदालतकै हो। त्यसैले जिल्ला अदालतले गरेको फैसला ठिक छ कि छैन भनेर मात्रै उच्च अदालतले जाँच गर्ने गर्छन्। यसो गर्दा शुरु जिल्ला अदालतको फैसला सदर हुने दर बढी हुनुलाई अन्यथा भन्न सक्ने अवस्था देखिंदैन।

उच्च अदालतलाई करेक्सनल कोर्ट समेत भन्ने गरिन्छ। त्यसैले धेरै न्यायका याचकहरू उच्च अदालतमा मुद्दा लिएर आएका हुन्छन्। उच्च अदालतमा कति मुद्दा न्यायको रोहमा करेक्सन भएका छन् ? दैनिक अभ्यासमा रहेका कानून व्यवसायीलाई अवगत नै छ। यसलाई गम्भीर रूपमा हेरिनुपर्छ।

पछिल्लो समय छोटो बाटोबाट मुद्दा टुङ्ग्याउने र फैसलाको संख्या बढाउने डरलाग्दो शैली विकास भएको छ। जसलाई कानूनी वृत्तमा 'शुरु सदर प्रवृत्ति' भनिन्छ। मुद्दाको फैसला उल्ट्याउन वा परिमार्जन गर्न पहाडजत्रो चुनौती हुन्छ। जिल्ला अदालतको भन्दा फरक निष्कर्षमा पुग्नका लागि न्यायाधीशले बलियो कानूनी आधार, प्रमाणहरूको नयाँ शिराबाट विश्लेषण र अकाट्य तर्कहरू पेश गर्नुपर्छ। यसका लागि मिसिलको पाना-पाना पल्टाउनुपर्छ, गहिरो अध्ययन चाहिन्छ र फैसला लेख्न कैयौं दिन समय लाग्छ।

तर, फैसला सदर गर्न कति सजिलो छ। "शुरु अदालतको ठहर र विश्लेषण मनासिब नै देखिंदा परिवर्तन गरिरहनुपरेन..." बस्, फैसलाको अन्त्यमा यो एक वाक्य वा बनिबनाउ तयारी भाषा (फर्म्याट) प्रयोग गरेपछि काम सकियो। यसले न्यायाधीशको समय त बचाउँछ नै, सबैभन्दा महत्वपूर्ण कुरा उनीहरूको 'मुद्दा फर्स्योट ग्राफ' लाई ह्वात्तै माथि पुऱ्याउँछ।

न्यायपरिषद्‌को बुलेटिनमा "फलानो न्यायाधीशले यति मुद्दा छिने" भन्दै अङ्क थपिन्छ। तर, त्यो अङ्कको पछाडि कति जनाको न्याय मऱ्यो वा कति निर्दोषले सजाय पाए भन्ने कुरा कतै अभिलेखित हुँदैन। पक्षहरूलाई समेत आफूलाई साँच्चिकै अन्याय परेको बारे कहाँ गएर कसरी उजुरबाजुर गर्ने भन्ने विषयमा जानकारी समेत छैन। केही पक्षले त्यस बारे कुरा उठाए यस्तै हो भनेर चित्त बुझाउनुपर्छ भनेर सिकाउने कानून व्यवसायी समेत नभएका होइनन्।

यदि जिल्ला अदालतले प्रमाण र कानूनको न्यायसम्मत व्याख्या गरेको छ भने त्यसलाई सदर गर्नु स्वाभाविक हो। तर, जब यो एउटा प्रणालीगत बानी वा मुद्दाको संख्या बढाउने 'सर्टकट' बाटो बन्छ, तब अदालत न्याय दिने ठाउँ होइन, केवल मुद्दाको लगत कट्टा गर्ने 'प्रशासनिक अड्डा' जस्तो बन्न पुग्छ। कतै हाम्रा अदालतहरू न्यायको मन्दिर बन्नुपर्नेमा मुद्दाको लगत कट्टा गर्ने 'प्रशासनिक अड्डा' त बनिरहेका छैनन! यो गहन विषयमा दिमागी माथापच्ची गर्न र न्यायिक मनले विवेचना गर्न जरूरी भइसकेको छ।

### न्यायाधीशको रक्षात्मक मानसिकता

फैसलाको संख्यात्मक दबाब बाहेक अर्को मुख्य कारण हो- न्यायाधीशले न्यायिक जोखिम मोल्न नचाहने प्रवृत्ति। कुनै पनि चर्चित वा विवादित मुद्दामा तल्लो अदालतको फैसला उल्ट्याउने बित्तिकै न्यायाधीशहरूमाथि अनेकौं शङ्का-उपशङ्का गरिन्छ। न्यायपरिषद्मा उजुरी हाल्ने, मिडियामा 'सेटिङ' को चर्चा चल्ने वा स्वार्थ समूहहरूले बदनाम गराउन खोज्ने डर न्यायाधीशहरूमा देखिन्छ। यस्तो अवस्थामा 'शुरु सदर' गर्नु उनीहरूका लागि सबैभन्दा सुरक्षित क्षेत्र बनिदिन्छ। "मैले मात्र होइन, तल्लो अदालतका न्यायाधीशले पनि यही देखेका थिए" भन्दै सामूहिक जवाफदेहीको ओत लाग्न पाइने भएपछि न्यायाधीशहरू प्रशासनिक रूपमा रक्षात्मक बन्छन् र विवेक बन्धक राख्न पुग्छन्।

न्यायाधीशले प्रमाणको सही मूल्याङ्कन गर्दै न्यायिक मन र विवेक प्रयोग गर्नुपर्नेमा त्यसो हुनसकेको छैन। न्यायाधीश नै रक्षात्मक बन्न खोज्नु न्यायका दृष्टिले शोभनीय मानिंदैन। पछिल्लो समय न्यायिक क्षेत्रमा यस्तो प्रवृत्ति बढेको हो कि भनेर घोत्लिनुपर्ने बेला आइसकेको छ। यही तरिकाले अघि बढ्दै जाने हो भने न्यायालयमा न्यायको याचना गर्ने पक्षहरूको सधैं हित हुन्छ। अदालतले कहिल्यै पनि अन्याय गर्दैन। कोही नहुनेको पनि अदालत छ भन्ने आम नागरिकमा रहेको अटल विश्वासमा धक्का पुग्न सक्छ। न्यायालयप्रति रहेको यो अटल विश्वासलाई जोगाइराख्नु सम्पूर्ण न्यायकर्मीको कर्तव्य हो।

### साँच्चिकै न्याय दिलाउन के गर्ने ?

अदालतप्रतिको जनआस्था र न्यायको प्राण बचाउने हो भने न्यायाधीशहरू अब फैसला संख्याको यो अङ्कगणितको खेलबाट बाहिर निस्कनैपर्छ। न्यायाधीश भनेको साँच्चिकै अलौकिक व्यक्ति हो। जसलाई न्याय दिलाउनकै लागि त्यो जिम्मेवारी प्राप्त भएको हुन्छ। न्यायाधीशले जहिले पनि स्वतन्त्र, निष्पक्ष, पारदर्शी र न्यायिक मनको प्रयोग गरेर विवेचना गर्नुपर्छ। गरिंदै आएका उदाहरण प्रशस्तै छन्। साँच्चिकै न्याय सम्पादन गर्नका लागि न्यायाधीशहरूले आफ्नो कार्यशैलीमा समेत सुधारहरू ल्याउनु अनिवार्य छ। न्याय सम्पादन गर्दा सम्यक् तरिकाले न्यायिक मन लगाउनैपर्छ। त्यसका लागि निम्न तरिका अपनाउँदा साँच्चिकै न्याय दिलाउन सकिन्छ :

#### क.फैसला संख्याको दास होइन, विवेकको संवाहक बन्ने

न्यायाधीशहरूले न्यायपरिषद्ले गणना गर्ने 'फैसला संख्या' को दास बन्न अस्वीकार गर्नुपर्छ। महिनामा ५० वटा सतही फैसला गर्नुभन्दा महिनामा १०/१५ वटै फैसला गरे पनि ती कानूनका दृष्टिमा त्रुटिहीन र न्यायका दृष्टिमा पूर्ण हुनुपर्छ। न्यायाधीशको मूल्याङ्कन गर्दा उसले कति मुद्दा छिन्यो भन्नेसँगै, उसले गरेका कति वटा फैसला माथिल्लो अदालतबाट सदर वा बदर भए (गुणात्मक परीक्षण) भन्ने परिपाटी बसाल्न न्यायाधीशहरू आफैंले नेतृत्वदायी पैरवी गर्नुपर्छ। यसो गर्दा न्यायाधीशले संख्यात्मक फैसलाभन्दा फैसला गरिएका मुद्दाको गुण र दोष हेर्ने परिपाटी बस्छ। न्यायपरिषद्ले पनि फैसला संख्यालाई गणना गरेर न्यायाधीशको क्षमता जाँच गर्ने अवैज्ञानिक र अव्यावहारिक मापन बदल्नुपर्छ।

#### ख. मिसिलको 'घनीभूत' र स्वतन्त्र अध्ययन

तल्लो अदालतको फैसलालाई केवल एउटा 'रेफरेन्स' मात्र मान्नुपर्छ, अकाट्य दस्तावेज होइन। इजलासमा बस्नुअघि नै मुद्दाको मुख्य विवाद के हो र पुनरावेदन गर्ने पक्षले के-के बुँदामा चित्त बुझाएको छैन भन्ने कुराको पूर्व र पूर्ण अध्ययन हुनुपर्छ। मिसिलमा रहेका साक्षीका बयान, मौकाका कागज र फरेन्सिक वा डिजिटल प्रमाणको यान्त्रिक रुजु मात्र नगरिकन तिनको विश्वसनीयतातर्फ घनीभूत परीक्षण गर्नुपर्छ। अनि मात्रै पक्षलाई न्याय पर्न जान्छ। यसो नगरेर केवल पेशी चढेका सबै मुद्दालाई जसरी पनि टुंग्याउने मानसिकतामा न्यायाधीश इजलासमा बस्छन् भने यसले न्याय पर्न सक्ने सम्भावना कम हुन्छ। त्यसैले न्यायाधीशले पनि मिसिललाई बडो घनीभूत रूपमा अध्ययन गर्नुपर्छ। यदि अध्ययन सतही रूपमा मात्रै गर्ने अवस्था आयो भने मुद्दा नहेर्न पनि सकिन्छ। अथवा अर्को दिन समेत पूर्ण अध्ययन गरेर सुनुवाइ गर्न सकिन्छ। यतातिर समेत ध्यान दिनुपर्ने देखिन्छ।

#### ग. बनिबनाउ 'कपी-पेस्ट' ढाँचाको अन्त्य

देवानी वा फौजदारी जुनसुकै मुद्दामा पनि जिल्ला अदालतले कोट गरेका प्रमाणहरूलाई हुबहु कपी-पेस्ट गर्ने र अन्त्यमा 'शुरु अदालतले गरेको फैसला मनासिब देखिंदा पुनरावेदन जिकिर पुग्दैन' लेख्ने बानी पूर्ण रूपमा बन्द हुनुपर्छ। पुनरावेदन जिकिरकर्ताले उठाएका प्रत्येक कानूनी प्रश्नको बुँदागत खण्डन वा मण्डन फैसलामा देखिनुपर्छ। न्यायाधीशले यसबारे फैसलामा खुलाएर लेख्नुपर्छ। किनभने फैसला पढ्ने जुनसुकै पक्षले पनि "हो, मेरो कुरा इजलासले सुनेको रहेछ र यो कारणले मेरो दाबी पुगेनछ" भन्ने कुरा बुझ्न सकोस्। हैन भने यसले न्यायलाई केवल फैसला संख्या गणनामा मात्रै सीमित गर्छ। जसबाट न्यायको मन्दिरमा याचना गर्न आएका पीडितलाई झन् पीडा पुग्न सक्छ। जुन कुरा कसैका लागि पनि प्रीतिकर हुन सक्दैन।

#### घ. बहस र पैरवीलाई 'औपचारिकता' मा मात्र सीमित नगर्ने

दैनिक दर्जनौं मुद्दा पेशीमा चढ्ने हुनाले उच्च अदालतमा कानून व्यवसायीहरूलाई विस्तृत बहस गर्न समय पुग्दैन। न्यायाधीशहरूले पनि यसलाई एउटा झन्झटिलो कार्यविधि जस्तो मान्ने गरेको देखिन्छ। यसलाई सुधार्न 'टाइम म्यानेजमेन्ट' सहित प्रभावकारी बहस सुन्ने र प्रस्तुत गरिएका बहस नोटहरूलाई फैसलाको अभिन्न अङ्ग बनाउने साहस न्यायाधीशले देखाउनुपर्छ। अनि मात्रै बहसको औचित्य रहन्छ। मिसिलको गहिरो अध्ययन र पूर्ण तयारी गरेर गएका कानून व्यवसायीले ५ मिनेट बहस गर्न पाएको हुँदैन। इजलासबाट 'छोट्याउँ विद्वानज्यू' भनेर कानून व्यवसायीलाई मुद्दासँग सम्बन्धित तर्क र तथ्य राख्नै नदिई गरिएको फैसलाको कुनै अर्थ छैन। त्यसो त इजलासमा बहस गर्न जाने सम्पूर्ण कानून व्यवसायीहरूमा पूर्ण रूपमा पोख्त, क्षमतावान्, गहिरो ज्ञान छ भन्न सकिंदैन। त्यसैले कानून व्यवसायीले गरेका तर्क र मुख्य बुँदा फैसलामा समेट्ने प्रचलन बढेमा त्यसले कानून व्यवसायीको क्षमता जाँच्न समेत सहयोग पुग्न जान्छ। न्यायाधीशले पूरै बहस नसुनेर केवल बहस र पैरवीलाई 'औपचारिकता' मा मात्र सीमित गर्नेतिर लाग्नुहुँदैन। कानून व्यवसायीले अधूरो रूपमा राखेको तर्क र प्रमाणलाई मात्रै हेरेर फैसला गर्दा सही न्याय नपर्न सक्छ।

### फैसलाको 'क्वालिटी अडिट' गर्न आवश्यक

साँच्चिकै न्याय दिलाउने काम केवल न्यायाधीशको एकल प्रयासले मात्र सम्भव छैन। हामीलाई विश्वास छ न्यायाधीशले सधैं न्याय बाहेक केही देख्दैनन्। त्यसैले न्यायाधीशलाई धेरैले भगवान्‌को रूपमा समेत हेर्ने गर्छन्। म भने न्यायाधीशलाई भगवान्‌रूपी गुण भएको व्यक्तिको रूपमा बुझ्छु। न्यायाधीश पनि मानिस नै हुन्। उनीहरूबाट कहिल्यै गल्ती र कमी-कमजोरी हुँदैनन् भन्ने मान्यतासँग म पूर्ण सहमत हुन सक्दिनँ। न्यायाधीशहरू पनि मानिस् हुन् उनीहरूबाट पनि जानीनजानी गल्ती कमी-कमजोरीहरू हुन सक्छन्। त्यसबारे उचित मूल्याङ्कन हुनैपर्छ। जबसम्म न्यायपरिषद्ले न्यायाधीशको बढुवा र मूल्याङ्कन गर्दा 'संख्यात्मक मुद्दा फर्स्योट' लाई मात्र आधार बनाइरहन्छ, तबसम्म न्यायाधीशहरू जोखिम मोल्न तयार हुँदैनन्। त्यसैले न्यायाधीशहरूले सामूहिक रूपमा वा आफ्ना न्यायिक फोरमहरू मार्फत यो मूल्याङ्कन प्रणाली परिमार्जन गर्न दबाब दिनुपर्छ।

न्यायपरिषद्ले पनि फैसलाको 'क्वालिटी अडिट' गर्ने प्रणाली विकास गर्नुपर्छ। कुनै न्यायाधीशले गरेको फैसला कति तार्किक छ, त्यसमा कानूनको व्याख्या कति उत्कृष्ट र बलियो छ र समाजमा त्यसले कस्तो प्रभाव पाऱ्यो भन्ने कुरालाई मूल्याङ्कनको मुख्य कडी बनाइनुपर्छ। अनि न्याय परेको अनुभूति हुने गरी फैसला गर्ने परिपाटीको विकास हुन्छ। इजलास सेयर गरेको न्यायाधीशले पनि उक्त रायमा सहमत छु भनेर फड्के किनाराको साक्षी बस्ने चलन हटाउनुपर्छ। यदि आफू सहमत हुन नसके, आफ्नो विचार फरक छ भने सिनियर न्यायाशीशसँग पनि राय बझाउने हिम्मत गर्नुपर्छ। तर उच्च अदालतहरूबाट फैसला गर्दा राय बझाइएका घटना नगन्य हुन्छन्। धेरैले यसमा हिम्मतसम्म गरेको देखिंदैन। यसो गर्दा फैसलामा निखारपन आउने हुन्छ।

### अबको बाटो

"न्याय केवल गरिनु मात्र हुँदैन, न्याय भएको देखिनु पनि पर्छ" भन्ने स्थापित मान्यता आज 'फैसला संख्या' को गणाना गर्ने भीडमा कतै हराए जस्तो भएको छ। उच्च अदालतहरू केवल जिल्ला अदालतको निर्णयमा सही थाप्ने 'प्रशासनिक अड्डा' जस्ता बन्नुहुँदैन। यदि यो प्रवृत्ति समयमै रोकिएन भने नागरिकको अदालतप्रतिको अन्तिम भरोसा पनि टुट्नेछ, र मानिसहरू न्यायका लागि अदालत होइन, सडक वा शक्तिकेन्द्रतिर लाग्न थाल्नेछन्।

न्यायाधीशहरू केवल सरकारी ओहोदादार वा जागिरे होइनन्, उनीहरू त समाजमा कानूनी शासन जीवित राख्ने विवेकका रक्षक हुन्। शुरु अदालतको फैसलामा रहेका छिद्रहरूलाई निर्भीकताका साथ सच्याउने र पीडितलाई न्यायको प्रत्यक्ष अनुभूति गराउने दायित्व उनीहरूकै हो।

त्यसैले, मुद्दा 'पेन्डिङ' को त्रास र फैसला संख्या बढाउने दौडबाट बाहिर निस्केर, न्यायिक निर्भीकता र इमानदारीका साथ तथ्य र प्रमाणको कसीमा घोटिएर मात्र फैसला गर्ने परिपाटी बसालौं। उच्च अदालतलाई 'शुरु सदर' को नकारात्मक ट्यागबाट मुक्त गरी वास्तविक अर्थमा न्यायको चौतारी बनाउनु आजको अपरिहार्य आवश्यकता हो। यसका लागि न्यायाधीशहरूको दह्रो इच्छाशक्ति, निर्भीकता र न्यायप्रतिको निष्ठा नै सबैभन्दा ठूलो हतियार हो भन्नेबारे सबैले बुझ्न आवश्यक देखिन्छ। साभार : अनलाइनबरडटकम

# आमसञ्चार विधेयक फिर्ता लिन महासंघको माग



दैनिक समाचारदाता
जनकपुरधाम, ११ साउन । नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिले मधेश प्रदेश सरकारले प्रस्ताव गरेको 'मधेश प्रदेश आमसञ्चार विधेयक, २०८२' तथा सञ्चार क्षेत्रका स्वायत्त निकायहरू गाभ्ने तयारीप्रति गम्भीर असन्तुष्टि जनाउँदै मुख्यमन्त्री तथा गृह, सञ्चार तथा कानुन मन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ।

महासंघले सोमबार मुख्यमन्त्री र गृह, सञ्चार तथा कानुन मन्त्रीलाई छुट्टाछुट्टै ज्ञापनपत्र बुझाउँदै सञ्चार क्षेत्रसँग सम्बन्धित कानुन पर्याप्त सार्वजनिक बहस, सरोकारवालासँगको परामर्श र सहमतिविना अघि बढाइनु लोकतान्त्रिक मूल्य, प्रेस स्वतन्त्रता तथा नागरिकको सूचनाको अधिकारविपरीत हुने जनाएको छ।

ज्ञापनपत्रमा नेपालको लोकतान्त्रिक आन्दोलन, जनआन्दोलन, मधेश आन्दोलन तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनासम्मका ऐतिहासिक परिवर्तनमा सञ्चारमाध्यम र पत्रकारिताले महत्वपूर्ण भूमिका खेलेको स्मरण गराइएको छ। स्वतन्त्र प्रेस लोकतन्त्रको आधारस्तम्भ भएको र नेपालको संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको पनि उल्लेख गरिएको छ।

महासंघले हाल कार्यान्वयनमा रहेका 'प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७' र 'प्रदेश एफएम, रेडियो तथा टेलिभिजन सञ्चालन सम्बन्धी ऐन, २०७७' लाई प्रतिस्थापन गरी नयाँ आमसञ्चार विधेयक ल्याउने तथा आमसञ्चार प्राधिकरण, मिडिया काउन्सिल र चलचित्र तथा लोकप्रवर्द्धन विकास बोर्डजस्ता स्वायत्त निकायहरूको संरचनामा परिवर्तन गर्ने तयारीप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

ज्ञापनपत्रमा ती निकायहरूले सीमित बजेट, अपर्याप्त जनशक्ति र न्यून स्रोत-साधनका बाबजुद आफ्नो जिम्मेवारी निर्वाह गरिरहेको उल्लेख गर्दै तिनलाई थप सुदृढ, सक्षम र प्रभावकारी बनाउनुको सट्टा पर्याप्त छलफल र सहमतिविना संरचनागत परिवर्तन गर्नु उचित नहुने निष्कर्ष प्रस्तुत गरिएको छ।

महासंघले सञ्चार क्षेत्रसँग सम्बन्धित कुनै पनि कानुन निर्माण गर्दा पत्रकार, सञ्चारगृह, सञ्चारसम्बद्ध संस्था, कानुनविद्, नागरिक समाज तथा अन्य सरोकारवालासँग खुला छलफल, व्यापक परामर्श र सहमतिको प्रक्रिया अनिवार्य अपनाउनुपर्नेमा जोड दिएको छ।

महासंघका अनुसार यस्ता प्रक्रियाले कानुनलाई परिपक्व, व्यवहारिक र सर्वस्वीकार्य बनाउँछन्। तर प्रस्तावित विधेयक पर्याप्त सार्वजनिक बहसविना अघि बढाइएकाले प्रेस स्वतन्त्रता, सञ्चार संस्थाको स्वायत्तता तथा नागरिकको सूचनाको अधिकारप्रति स्वाभाविक चिन्ता उत्पन्न भएको छ।

नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिका सचिव हदिस खुद्दारले लोकतान्त्रिक मूल्य, प्रेस स्वतन्त्रता र जिम्मेवार पत्रकारिताप्रति महासंघ सदैव प्रतिबद्ध रहेको उल्लेख गर्दै सरकारसँग संवाद, सहकार्य र सहभागितामूलक प्रक्रियामार्फत विधेयक पुनरावलोकन हुने विश्वास व्यक्त गरे।

ज्ञापनपत्रमार्फत सञ्चार क्षेत्रसँग सम्बन्धित कुनै पनि कानुनी व्यवस्था अघि बढाउँदा सबै सरोकारवालाको पर्याप्त परामर्श, सहमति र सहभागिता सुनिश्चित गर्दै संविधानको भावना, प्रेस स्वतन्त्रता तथा लोकतान्त्रिक मूल्यमान्यता अनुरूप निर्णय गर्न सरकारसँग आग्रह गरिएको छ।

महासंघले आफ्ना सुझाव र मागलाई बेवास्ता गरिए प्रेस स्वतन्त्रता, सञ्चार क्षेत्रको संस्थागत स्वायत्तता तथा लोकतान्त्रिक अधिकारको संरक्षणका लागि चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य हुने चेतावनीसमेत दिएको छ।

## गोलीकाण्डपछि.....

पश्चिम राजमार्गसमेत अवरुद्ध गरेका छन्। सुनसरी प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) चन्द्र खड्काका अनुसार जिल्लाका विभिन्न स्थानमा प्रदर्शन जारी रहेकाले सुरक्षा निकायले स्थिति नियन्त्रणमा लिने प्रयास गरिरहेको छ। "कप्तानगञ्जमा नेपाली सेना परिचालन भएपछि अवस्था क्रमशः सामान्य बन्दै गएको छ। इनरुवा र राजमार्ग क्षेत्रमा भने अझै प्रदर्शन भइरहेको छ," डीएसपी खड्काले बताए।

आइतबारको घटनापछि जिल्ला प्रशासन कार्यालय सुनसरीले सोमबार बिहान ७ बजेदेखि हरिनगरा गाउँपालिकाको घुस्की, भुटाहा, कप्तानगञ्ज तथा देवानगञ्ज बजार क्षेत्रमा अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको थियो। तर कर्फ्यु उल्लङ्घन गर्दै ठूलो संख्यामा प्रदर्शनकारी सडकमा उत्रिएपछि आन्दोलन जिल्लाका अन्य क्षेत्रमा समेत फैलिएको छ। स्थिति थप बिग्रिन नदिन नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको सुरक्षा उपस्थिति बाक्लो पारिएको छ। यसैबीच, सोमबार बसेको सर्वदलीय तथा सर्वपक्षीय बैठकले जिल्लाको शान्ति, सामाजिक सद्भाव र सुरक्षा कायम राख्न सबै पक्षलाई संयमित हुन आग्रह गर्दै आवश्यक सहकार्य गर्ने निर्णय गरेको छ।

# वन कर्मचारीमाथि आक्रमण गर्ने दोषीलाई कारबाहीको माग




दैनिक समाचारदाता
काठमाडौं, ११ साउन । महोत्तरीको बर्दिवास-कालापानीमा वन कर्मचारीमाथि भएको हिंसात्मक घटनाको निष्पक्ष छानबिन, पीडितलाई न्याय तथा दोषीमाथि कडा कानुनी कारबाहीको माग गर्दै सोमबार काठमाडौंको माइतीघर मण्डलामा विरोध प्रदर्शन गरिएको छ।

चुरे तथा वनजंगल संरक्षण अभियान, नेपालको आयोजनामा भएको प्रदर्शनमा सहभागीहरूले घटना भएको लामो समय बितिसक्दा पनि पीडितले न्याय नपाएको तथा दोषीहरू पूर्ण रूपमा कानुनी दायरामा नआएको भन्दै सरकारको ध्यानाकर्षण गराएका हुन्।

अभियानका केन्द्रीय संयोजक सुनील यादवले २०८३ साल जेठ ११ गते महोत्तरीको बर्दिवास नगरपालिका-कालापानी क्षेत्रमा डिभिजन वन कार्यालय महोत्तरीका वन कर्मचारी श्वेता झा, सुमन श्रेष्ठसहित सात जना कर्मचारी वन संरक्षण तथा अतिक्रमण नियन्त्रणको जिम्मेवारी पूरा गरी फर्किने क्रममा उनीहरूमाथि भएको आक्रमण राष्ट्रसेवक कर्मचारीमाथिको मात्र नभई कानुनी शासन र राज्यको अधिकारमाथिको प्रत्यक्ष चुनौती भएको बताए।

उनका अनुसार घटनाका क्रममा वन कर्मचारीलाई करिब ६-७ घण्टासम्म बन्धक बनाइएको, उनीहरू सवार सरकारी गाडीमा आगजनी गरिएको तथा कर्मचारीहरूको ज्यान गम्भीर जोखिममा परेको थियो। नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र डिभिजन वन कार्यालयको समन्वयमा उनीहरूको उद्धार गरिए पनि घटनाको प्रभावकारी अनुसन्धान र न्यायिक टुंगो अझै नलागेको आरोप लगाइएको छ।

प्रदर्शनकारीहरूले घटनाको उच्चस्तरीय, स्वतन्त्र, निष्पक्ष र समयबद्ध छानबिन, दोषीको तत्काल पक्राउ र कानुनी कारबाही, अनुसन्धानमा राजनीतिक हस्तक्षेप रोक्न, पीडित वन कर्मचारीको सुरक्षा, उपचार र संरक्षण सुनिश्चित गर्न तथा चुरे तथा वन क्षेत्रमा कार्यरत वनकर्मी र सुरक्षाकर्मीको सुरक्षाका लागि प्रभावकारी सुरक्षा रणनीति लागू गर्न सरकारसँग माग गरेका छन्।

उनीहरूले यस्ता घटनामा संलग्नलाई उन्मुक्ति दिइए दण्डहीनताको संस्कृतिले थप प्रश्रय पाउने र भविष्यमा यस्ता हिंसात्मक घटना दोहोरिने जोखिम बढ्ने चेतावनीसमेत दिएका छन्।

प्रदर्शनका क्रममा गृह मन्त्रालयलाई सम्बोधन गर्दै अभियानले पीडित वन कर्मचारीले कहिले न्याय पाउने, सरकारी गाडीमा आगजनी गर्ने तथा वन कर्मचारीलाई बन्धक बनाउने दोषीहरू कहिले कानुनी दायरामा आउने, र यस्ता घटनाप्रति सरकारले 'शून्य सहनशीलता' को नीति कहिले सार्वजनिक गर्ने भन्ने प्रश्नसमेत उठाएको छ।

अभियानले "ढिलो गरिएको न्याय, न्यायको इन्कार सरह हुन्छ" भन्दै घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि तत्काल कानुनी कारबाही, पीडितलाई न्याय र राष्ट्रसेवक कर्मचारीको सुरक्षा सुनिश्चित गर्न गृह मन्त्रालयसँग आग्रह गरेको छ।

# 'शिक्षा र खेलकुद दुवै सरकारको प्राथमिकतामा'

दैनिक समाचारदाता
जनकपुरधाम, ११ साउन । शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले शिक्षाको गुणस्तर अभिवृद्धिसँगै विद्यालय तहमा खेलकुद गतिविधिलाई प्रभावकारी बनाउने दिशामा सरकार प्रतिबद्ध रहेको बताएका छन्।

जनकपुरधामस्थित संकटमोचन देवशरण रामरती माध्यमिक विद्यालयका विद्यार्थीलाई खेलकुद सामग्री वितरण कार्यक्रमपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै मन्त्री पोखरेलले अध्ययनसँगै खेलकुदलाई समान महत्व दिनुपर्नेमा जोड दिए। विद्यार्थीको सर्वाङ्गीण विकासका लागि आवश्यक खेल सामग्री उपलब्ध गराउने र खेल पूर्वाधार विस्तार गर्ने कार्यलाई सरकारले प्राथमिकतामा राखेको उनले बताए।



उनले शिक्षा क्षेत्रको समग्र सुधारका लागि सरकार बहुआयामिक रूपमा काम गरिरहेको उल्लेख गर्दै हालै राजर्षी जनक विश्वविद्यालयका उपकुलपतिसँग विश्वविद्यालयको शैक्षिक गुणस्तर, प्रशासनिक सुधार तथा भौतिक पूर्वाधार विकासका विषयमा विस्तृत छलफल भएको जानकारी दिए।

विश्वविद्यालयको आफ्नै भवन निर्माण, घेराबार तथा जग्गा व्यवस्थापनलाई प्राथमिकताका साथ अघि बढाइएको उल्लेख गर्दै उनले देखिएका समस्याहरू क्रमशः समाधान हुँदै गएको बताए।

"विश्वविद्यालयलाई थप व्यवस्थित, गुणस्तरीय र प्रतिस्पर्धी बनाउन आवश्यक सबै पक्षसँग समन्वय भइरहेको छ। भौतिक पूर्वाधारदेखि शैक्षिक वातावरण सुधारसम्मका विषयलाई सरकारले गम्भीरतापूर्वक अघि बढाइरहेको छ," मन्त्री पोखरेलले भने।

उनले मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको जानकारी दिँदै यससम्बन्धी प्रतिवेदन प्रदेश सरकारलाई बुझाइसकिएको र आवश्यक प्रक्रिया अघि बढिरहेको बताए।

"साक्षर प्रदेश घोषणाका लागि आवश्यक प्रतिवेदन तयार भइसकेको छ। प्रदेश सरकारलाई हस्तान्तरण गरिसकिएको छ। सकारात्मक प्रगति भइरहेको छ र बाँकी प्रक्रिया पूरा गर्दै हामी अगाडि बढिरहेका छौं," उनले भने।

सञ्चारकर्मीले साक्षर प्रदेश घोषणाको अवस्थाबारे राखेको जिज्ञासामा मन्त्री पोखरेलले शिक्षा क्षेत्रमा अझै चुनौती रहे पनि तिनलाई अवसरमा रूपान्तरण गर्दै सरकार अघि बढिरहेको प्रतिक्रिया दिए।

उनका अनुसार शिक्षा क्षेत्रमा संरचनागत सुधार, गुणस्तरीय शिक्षण-सिकाइ, विद्यालय व्यवस्थापन, शिक्षकको क्षमता अभिवृद्धि तथा विद्यार्थीमैत्री वातावरण निर्माणलाई सरकारले प्राथमिकतामा राखेको छ।

"समस्या छन्, चुनौती पनि छन्। तर तिनको समाधान खोज्दै हामी निरन्तर काम गरिरहेका छौं। शिक्षा क्षेत्रलाई परिणाममुखी बनाउन सरकार दृढ छ," उनले स्पष्ट पारे।

मन्त्री पोखरेलले शिक्षा क्षेत्रमा देखिएका समस्या समाधानमा सरकारले ढिलाइ नगर्ने नीति अवलम्बन गरेको उल्लेख गर्दै कुनै विषय सार्वजनिक भएलगत्तै सम्बन्धित निकायलाई सक्रिय बनाएर आवश्यक कदम चालिने बताए।

पछिल्लो समय सार्वजनिक भएको प्रश्नपत्र बाहिरिएको घटनाको उदाहरण दिँदै उनले सरकार र सम्बन्धित निकायको सक्रियतामा २४ घण्टाभित्रै मुख्य आरोपी पक्राउ परिसकेको र घटनाको थप अनुसन्धान जारी रहेको जानकारी दिए।

यसअघि आयोजित कार्यक्रममा मन्त्री पोखरेलले विद्यार्थीलाई भलिबल, क्रिकेट, ब्याडमिन्टनलगायत विभिन्न खेलका सामग्री हस्तान्तरण गरेका थिए।

उनले खेलकुदले विद्यार्थीमा अनुशासन, नेतृत्व क्षमता, आत्मविश्वास तथा स्वस्थ जीवनशैलीको विकास गर्ने भएकाले विद्यालय तहदेखि नै खेल संस्कृतिको विकास आवश्यक रहेको बताए।

मन्त्री पोखरेलका अनुसार देशभरका सामुदायिक विद्यालयमा खेलकुद गतिविधि विस्तार, आवश्यक खेल सामग्री उपलब्ध गराउने, विद्यालयस्तरीय प्रतियोगिता सञ्चालन गर्ने तथा प्रतिभाशाली खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# ‘जेनजी आन्दोलन’ प्रतिवेदन सार्वजनिक किन भएन : पूर्व आयुक्त प्याकुरेल




जनकपुरधाम, ११ साउन । राष्ट्रिय मानव अधिकार आयोगका पूर्व आयुक्त सुशील प्याकुरेलले २०८२ साल भदौ २३ र २४ गते भएको ‘जेनजी आन्दोलन’ सम्बन्धी प्रतिवेदन राष्ट्रिय मानव अधिकार आयोगलगायतका निकायले समेत हेर्न नपाउने अवस्था किन सिर्जना गरिएको हो भन्ने प्रश्न उठाएका छन्।

सोमबार जनकपुरधाममा आयोजित ‘मधेश प्रदेश मानव अधिकार सम्मेलन’ लाई सम्बोधन गर्दै उनले उक्त आन्दोलनको सत्यतथ्य सार्वजनिक गर्नुपर्ने माग गरे। राज्य आफैँबाट मानव अधिकार उल्लङ्घन हुने प्रवृत्ति देखिएको आरोप लगाउँदै उनले घटनाको निष्पक्ष छानबिन र प्रतिवेदन सार्वजनिक गर्न आग्रह गरे।

पूर्व आयुक्त प्याकुरेलले नेपालमा मानव अधिकारका समस्या र चुनौती दिनप्रतिदिन थपिँदै गएको उल्लेख गर्दै मानव अधिकारको संरक्षणका लागि भएका आन्दोलनमा शहादत प्राप्त गरेका व्यक्तिहरूको योगदान कहिल्यै बिर्सन नहुने बताए। उनले मधेश आन्दोलनमा महिला, पुरुष, दलित, जनजातिलगायत सबै समुदायको महत्वपूर्ण भूमिका रहेको स्मरण गराउँदै लोकतान्त्रिक व्यवस्थामा सबै नागरिकको अधिकार समान रूपमा सुनिश्चित हुनुपर्ने धारणा राखे।

उनका अनुसार अहिले पनि महिला हिंसा, घरेलु हिंसा, छुवाछुत तथा जातीय विभेदजस्ता समस्या समाजमा गहिरोसँग जरा गाडेर बसेका छन्। गणतान्त्रिक व्यवस्थाको मूल आधार समावेशिता भएकाले यी विभेद अन्त्य नभएसम्म मानव अधिकारको वास्तविक प्रत्याभूति हुन नसक्ने उनको भनाइ थियो।

पूर्व आयुक्त प्याकुरेलले सम्मेलनबाट जारी हुने घोषणापत्र कागजमा मात्र सीमित नभई प्रभावकारी रूपमा कार्यान्वयनमा आए मात्र यसको वास्तविक सार्थकता पुष्टि हुने बताए।

# संकास्पद मृत्यु प्रकरणमा वीरगञ्जमा प्रदर्शन

दैनिक समाचारदाता

काठमाडौं, ११ साउन। पर्साको सखुवा प्रसौनी गाउँपालिका-१ सिद्धपुरमा संकास्पद अवस्थामा मृत फेला परेकी ३७ वर्षीया लक्ष्मी खड्काको मृत्युबारे निष्पक्ष छानबिन र दोषीमाथि कारबाहीको माग गर्दै उनका आफन्त तथा स्थानीयले सोमबार वीरगञ्जमा प्रदर्शन गरेका छन्।



मृतकका माइती पक्षको आयोजनामा भएको विरोध कार्यक्रममा लक्ष्मीको मृत्यु रहस्यमय रहेको दाबी गर्दै घटनाको निष्पक्ष अनुसन्धान गरी सत्यतथ्य सार्वजनिक गर्न माग गरिएको छ। प्रदर्शनकारीहरूले ‘लक्ष्मी खड्कालाई न्याय दे’, ‘हत्यारालाई कारबाही गर’, ‘तस्बिरहरू आफैं बोल्छन्’, ‘तस्बिरमाथि छानबिन गर’, ‘घटनाको विवरण सार्वजनिक गर’ र ‘निष्पक्ष छानबिन समिति गठन गर’ लगायत ११ बुँदे माग अघि सारेका थिए। वीरगञ्ज बसपार्कबाट सुरु भएको र्‍याली घण्टाघरसम्म पुगेर कोणसभामा परिणत भएको थियो। कार्यक्रममा सहभागी युवा अभियन्ता धीरसिंह घिमिरेका अनुसार घटनाको सत्यतथ्य बाहिर ल्याई पीडित परिवारलाई न्याय दिलाउन दबाब सिर्जना गर्ने उद्देश्यले प्रदर्शन गरिएको हो।

मृतकका आफन्तहरूले लक्ष्मीका श्रीमान सुधीर सिल्वालको परिवारको संलग्नता रहेको आशंका व्यक्त गर्दै घटनाको निष्पक्ष छानबिन गर्न माग गरेका छन्। यद्यपि, यस आरोपबारे प्रहरीबाट आधिकारिक पुष्टि भएको छैन।

दुई सन्तानकी आमा लक्ष्मी आफ्नै घरनजिक रहेको गोठमा झुन्डिएको अवस्थामा मृत फेला परेकी थिइन्। घटनाको प्रकृति हेर्दा आत्महत्या नभई हत्या भएको हुन सक्ने आशंका गर्दै ठोरी गाउँपालिका-३ निवासी माइती पक्षका आफन्तहरू न्यायको मागसहित जिल्ला सदरमुकाम वीरगञ्जमा प्रदर्शनमा उत्रिएका हुन्।

# सुनसरी घटनाको विरोधमा सिरहामा प्रदर्शन

दैनिक समाचारदाता

सिरहा, ११ साउन। सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा प्रहरीको गोली लागेर एक जनाको मृत्यु भएको घटनाको विरोधमा सोमबार सिरहाको गोलबजार र कर्जन्हामा प्रदर्शन गरिएको छ।



प्रदर्शनकारीहरूले ‘सुनसरीमा मारिएका व्यक्तिलाई न्याय दे’, ‘गृहमन्त्रीले राजीनामा देऊ’, ‘गोली चलाउनेमाथि कारबाही गर’ र ‘प्रहरी दमन बन्द गर’ लगायतका नाराबाजी गर्दै घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कानुनी कारबाहीको माग गरेका छन्।

उनीहरूले प्रहरीबाट गोली नचलाइएको भए गोली कसले चलायो भन्ने विषयको सत्यतथ्य सार्वजनिक गर्न सरकारसँग माग गर्दै भोलिसम्म ठोस निर्णय नभए देशव्यापी आन्दोलन गर्ने चेतावनीसमेत दिएका छन्।

यसैबीच, सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले सुनसरी घटनाको विरोधमा कर्जन्हा र गोलबजार क्षेत्रमा प्रदर्शन भइरहेको जानकारी प्राप्त भएको बताए। प्रदर्शनकारीका प्रतिनिधिसँग छलफलको तयारी भइरहेको उल्लेख गर्दै उनले हालसम्म जिल्लामा कुनै उच्छृङ्खल गतिविधि नभएको र अवस्था सामान्य रहेको जानकारी दिए।

उनले परिस्थिति जटिल बने सुरक्षा निकाय तथा अन्य सरोकारवालासँग समन्वय गरेर आवश्यक निर्णय लिइने पनि बताए।

यसअघि सोमबार दिउँसो करिब २ बजे प्रदर्शनकारीहरूले सिरहाको कर्जन्हा नगरपालिका-बन्दीपुरस्थित पूर्व-पश्चिम राजमार्गमा टायर बालेर केही समय सडक अवरुद्ध गरेका थिए।

उल्लेखनीय छ, सुनसरीको देवानगञ्ज-३, कप्तानगञ्जमा साउने सोमबारको बोलबम यात्राका क्रममा डिजे बजाउँदै सप्तकोशी नदीतर्फ जाने क्रममा दुई समूहबीच विवाद भएपछि झडप भएको थियो। स्थिति नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास र हवाई फायर गरेको तथा अवस्था नियन्त्रणमा नआएपछि गोली चलाउनुपरेको जनाएको छ।

उक्त घटनामा प्रहरीको गोली लागेर देवानगञ्ज-३ का २४ वर्षीय ओमप्रकाश मेहता गम्भीर घाइते भएका थिए। उनको उपचारका क्रममा विराटनगरस्थित न्युरो अस्पतालमा मृत्यु भएको थियो।

# सुनसरी घटनापछि सीडीओ सहित सुरक्षा प्रमुख फेरबदल

दैनिक समाचारदाता

काठमाडौं, ११ साउन। सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा आइतबार राति भएको हिंसात्मक घटनापछि गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारी (सीडीओ)सहित जिल्लाका प्रमुख सुरक्षा अधिकारीहरूको व्यापक हेरफेर गरेको छ।

गृह मन्त्रालयले सुनसरीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेलाई मन्त्रालयमा फिर्ता बोलाउँदै उनको स्थानमा संखुवासभाका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्याललाई सरुवा गरेको छ।

त्यसैगरी, कोशी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआईजी) विनोद घिमिरेलाई प्रहरी प्रधान कार्यालय, काठमाडौं तानिएको छ। उनको स्थानमा प्रहरी प्रधान कार्यालयमा कार्यरत डीआईजी शेखर खनाललाई कोशी प्रदेश प्रहरी कार्यालयको जिम्मेवारी दिइएको छ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रमुख प्रहरी उपरीक्षक (एसपी) केशव थेबेलाई भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सरुवा गरिएको छ। उनको स्थानमा विमानस्थलमा कार्यरत एसपी पुष्पराज मल्ललाई सुनसरी पठाउने निर्णय गरिएको छ। यस्तै, सशस्त्र प्रहरी बलको कप्तानगञ्जस्थित बेसमा कार्यरत प्रहरी नायब उपरीक्षक (डीएसपी) नन्दकिशोर महतोलाई पनि फिर्ता बोलाइएको छ। उनको स्थानमा





सशस्त्र प्रहरी प्रधान कार्यालय, काठमाडौंमा कार्यरत डीएसपी मदन नाथलाई खटाइएको गृह मन्त्रालयले जनाएको छ। आइतबार राति सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा दुई समूहबीच भएको झडपका क्रममा एक जनाको मृत्यु भएको थियो। उक्त घटनामा नौ जना सर्वसाधारण, १० जना नेपाल प्रहरी र पाँच जना सशस्त्र प्रहरीसहित २४ जना घाइते भएका छन्। घटनाको सत्यतथ्य छानबिन गर्न गृह मन्त्रालयले सहसचिव भूपेन्द्र थापाको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरिसकेको छ। समितिलाई एक साताभित्र प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिइएको छ।

घटनापछि थप तनाव फैलिन नदिन जिल्ला प्रशासन कार्यालय सुनसरीले देवानगञ्ज र हरिनगर गाउँपालिकाका केही क्षेत्रमा सोमबार बिहान ७ बजेदेखि अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको छ। साथै, प्रभावित क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको छ।



## बाढी पहिरोबाट सचेत बनौं

*बाढी/पहिरो आउनुअघि:*
- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं.
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

*बाढी पहिरो आएमा*
- अनावश्यक हिँडडुल नगरौं.
- सुरक्षित स्थानतर्फ जाऔं.
- बिजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं.
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं.
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

अब उत्कृष्ट भविष्यको रोजाई



## MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४